सिन्धुपाल्चोक जिल्ला, ठोकर्पा गाविसमा सेनाद्वारा गरिएको हवाई आक्रमणको

# स्थलगत अध्ययन प्रतिवेदन



**मानवअधिकार सन्धि अनुगमन समन्वय समिति** (HRTMCC)
सचिवालय : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
२०६२ चैत १८ गते
काठमाण्डौ

**सारांश**



मृत सर्वसाधारण बमबाहादुर कार्कीको घर र घटनाबारे जानकारी दिँदै छिमेकीहरू

सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा गाविस-२ स्थित वाघभैरव उच्च माविको छात्रावास प्राङ्गणमा हुन गईहेको माओवादी कार्यक्रमलाई लक्षित गरी सुरक्षाफौजबाट गरिएको हवाई आक्रमणमा एकजना स्थानीय सर्वसाधारण बमबहादुर खत्रीको र दुईजना माओवादी कार्यकर्ताको मिति २०६२ चैत १४ गते मृत्यु भएको पाईयो ।

साथै, सोही आक्रमणबाट मृतक खत्रीको तीनओटा बाखा मरेको, एउटा गोरुलाई गोली लागि मर्ने अवस्थामा रहेको र एउटा भैसीको ढाडमा गोली लागि घाइते भएको पाइयो । निर्धारित कार्यक्रम सञ्चालन हुनु अघि नै अकस्मात सुरु भएको  हवाई आक्रमणबाट कार्यक्रम स्थल नजिकको बाघ भैरव उच्च माविको भवन तथा पुस्तकालय कक्ष, आयुर्वेदिक औषधालय र सर्वसाधारणका करिब एक दर्जन घरहरूका भित्ता, छानोमा क्षति पुगेको पाइयो । सो कार्यक्रममा सिन्धुपाल्चोक जिल्लाका सर्वसाधारण जनतालाई उपस्थित हुन आग्रह गरेका थिए । दोलखा तथा काभ्रे जिल्लाका नागरिकको उपस्थित गराई केन्द्रीयस्तरका नेताहरूद्वारा सम्बोधन गर्ने कार्यत्रम थियो ।

उक्त आक्रमणबाट विद्रोही पक्षले विद्यालयको छात्राबासको प्रयोग गर्नुका साथै सेनाले अन्धाधुन्ध हवाई आक्रमण गरेको घटनाले उनीहरू दुवैले बेला-बेलामा सार्वजनिक गरेका प्रतिबद्धता विपरीत अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको बर्खिलाप भएको देखिन्छ । युद्धरत दुवै पक्षले पालना गर्ने प्रतिबद्धता जाहेर गर्दै आएका अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनहरूको मूल्य, मान्यता र सिद्धान्तलाई व्यवहारमा उतारेर, विद्यालयलाई शान्ति क्षेत्रको रुपमा लिन आफूले व्यक्त गरेका प्रतिबद्धताप्रति इमान्दार भई गैरसैनिक क्षेत्रलाई युद्धको निशाना नबनाउन आग्रह गर्दछौं ।

# Summary of the Field Report
# 'Aerial Attack in Sindhupalchowk District'

A civilian Bam Bahadur Khatri, 63, resident of Thokarpa VDC-4, Sindhupalchowk district, and 2 Maoist cadres were killed on March 27, 2006 when security forces initiated an indiscriminate aerial attack by helicopters on the different parts of Thokarpa VDC interviewing Maoists' programme. Attach by the security forces began at about 12:45 Pm, just before the programme, targeting the programme at hostel of Bhagbhairab Higher Secondary School when there were already gathered around 4-5 hundreds of Maoists and many civilians however it was reported that the large number of Maoists were in the surrounding areas and villagers were in the process of gathering. The Maoists had invited people from Sindhupalchowk, Dolakha and Kavre district and the central level leaders of the Maoists were scheduled to attend the program.

When the security forces bombed indiscriminately the Maoists tried free. There were many holes of the bullet on the roof and walls of the school, Ayurvedic Health Post, and around a dozen houses of civilian. The attack damaged walls, computers, furniture and books of the library and windows of the school. In the attack, 3 cattle also died and a buffalo and an ox were severely injured.

A team of HRTMCC after visiting the spot found that both Maoists and the security forces had violated human rights and international humanitarian laws during the clash. It was found that Maoists had taken shelter at civilians' houses while escaping away from the security forces whereas the security forces attacked indiscriminately in the school and civilians' houses. Socket bombs, bullets and some other materials were found nearby the school and private houses that proves the indiscriminate firings of the security forces.

The team of HRTMCC requests for the further investigation and evaluation of loss of the school property, Aurvedic Health Post, and private property. HRTMCC team demands immediate compensation for the family of deceased victims and other victims of the incident.

Finally, we strongly demand both the state and Maoists to respect international humanitarian law and human rights standards and principles, as they commit.

**पृष्ठभूमि**
सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा गाविसस्थित बाघ भैरब उच्च माविको छात्रावासमा २०६२ चैत १४ गते माओवादीद्वारा गर्न लागिएको कार्यक्रममा लक्षित गरी हवाई आक्रमण गर्दा केहीको मृत्यु भएकोले घटनाको सत्य तथ्य अध्ययन गर्नुपर्ने भनी जानकारी मानवअधिकार सन्धि अनुगमन समन्वय समितिलाई प्राप्त भयो । सो घटनाको सत्य तथ्य अध्ययनका लागि मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोली घटनास्थलतर्फ २०६२ चैत १५ गते प्रस्थान गऱ्यो । सो टोली चैत १५ र १६ गते घटनास्थलमा बसीस्थलगत अध्ययन गऱ्यो । सो क्रममा टोलीले घटनाका सम्बन्धमा पीडित, पीडित परिवार, प्रत्यक्षदर्शी र सो सम्बन्धी जानकारी हुने व्यक्तिहरूसँग भेट गरी घटनाको अध्ययन गऱ्यो ।

**अध्ययनको उद्देश्य**

- घटनाको अध्ययन गर्ने ।
- घटनाको सत्य तथ्य पत्ता लगाउने ।
- घटनाको सत्य तथ्यसहितको प्रतिवेदन तयार गर्ने ।

**अध्ययन पद्धति**

- घटनास्थलको अवलोकन
- पीडित, पीडित परिवार, घटनाका प्रत्यक्षदर्शी र सम्बन्धित व्यक्तिहरूसँग भेट गरी घटनाको बारेमा जानकारी लिने ।

**अध्ययन टोली**

| | |
|---|---|
| कृष्ण गौतम | इन्सेक, काठमाण्डौ |
| गोपाल श्रेष्ठ | हिमराइट्स, काठमाण्डौ |
| कमलराज पाठक | एडभोकेसी फोरम, काठमाण्डौ |
| राजेन्द्र घिमिरे | जनअधिकार संरक्षण मञ्च, काठमाण्डौ |
| यज्ञराज अर्याल | कोक्याप, काठमाडौ |

**घटनाको संक्षिप्त विवरण**
**घटना मितिः** २०६२ चैत १४ गते अपराह्नः १२:४५ बजे

**स्थानः** सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा गाविस वडा नं. २ र ४

**पीडितः** माओवादी तथा सर्वसाधारण

**पीडकः** सुरक्षाकर्मी

**सेनाद्वारा गरिएको हवाई आक्रमणमा भएको क्षतिको विवरणः**

| क्र. सं | नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | बाघ भैरव उच्च माध्यमिक विद्यालय | ठोकर्पा गाविस-२, सिन्धुपाल्चोक | कक्षा कोठाहरूमा गोलीद्वारा प्वाल, पुस्तकालय किताब, कम्प्यूटर, झ्याल, ढोका आदि |
| २. | सूर्य न्यौपाने | ठोकर्पा गाविस-२, सिन्धुपाल्चोक | घरको छानो तथा भित्तामा गोलीले प्वाल पारेको |
| ३. | गणेश भण्डारी | ,, | ,, |
| ४. | ठाकुर भण्डारी | ,, | ,, |
| ५. | रामप्रसाद भण्डारी | ,, | ,, |
| ६. | भैरबबहादुर खत्री | ,, | ,, |
| ७. | रामहरि पौडेल | ,, | ,, |
| ८. | बमबहादुर खत्री | ठोकर्पा गाविस-४, सिन्धुपाल्चोक | बमबहादुर खत्रीको मृत्यु, तीनओटा बाखा मरेका, एक गोरु गोली लागि मर्ने अवस्थामा, भैसीको ढाडमा गोली लागेको |
| ९. | अच्यूत भण्डारी | ठोकर्पा गाविस-२, सिन्धुपाल्चोक | |
| १०. | दीपा स्टेशनरी | ,, | स्टेशनरी भएको पसलमा क्षति |
| ११. | शुक्र लामा | ,, | फर्निचरको पसलमा सामान्य क्षती |

## प्रत्यक्षदर्शी तथा पीडितको भनाई

**कृष्णबहादुर खत्री (मृतक बमबहादुर खत्रीका छोरा)**

बिहानै बाखा चराएर बुबा बाखा बाभ्न लाग्दा एक्कासी माथिबाट गोली बर्सन थाल्यो । बुबा भित्र पस्न नपाउँदै दाहिने खुट्टा तथा देब्रे हातमा लाग्यो । दाहिने खुट्टा तथा देब्रे हात चुडिन लागेको थियो । सेनाद्वारा सर्वसाधारण बस्ने घरमा किन आक्रमण गरेको हो हामीलाई थाहा भएन, हामी कहाँ त कोही पनि माओवादी बस्न आएको थिएन तर पनि हाम्रो घरमा किन आक्रमण गरेको हो मलाई थाहा भएन । बुबा सोही स्थानमा ढल्नु भयो । सो आक्रमणमा परी हाम्रो तीनओटा बाखा पनि मरे । एउटा गोरुको खुट्टामा गोली लागेर मर्ने अवस्थामा छ भने भैंसी पनि ढाडमा गोली लागेर घाइते भएको छ ।

**हरिप्रसाद न्यौपाने (स्थानीय व्यापारी)**

सदाझैं बिहानै पसल खोलेर बसेको थिएँ । बिहान करिब ८:०० बजे मलाई माओवादीको कार्यक्रम छ भन्ने कुरा थाहा भयो । त्यसको केही क्षण पछि केही माओवादी आएर कार्यक्रमस्थलमा मञ्च बनाउन लागे भने केहीले खानाको बन्दोबस्त मिलाउन लागे । गाउँका

मानिसहरूलाई पनि कार्यक्रममा भाग लिन आउनको लागि माओवादीले आग्रह गरेको थियो । करिब १२:०० बजेको समयमा हुन सक्छ, केही माओवादीले खाना खाइसकेका थिए भने केहीले खाना खान लागेका थिए । एक्कासी माथिबाट हवाई फाइरिङ्ग सुरु भयो । मानिसहरू सबै डराई आ-आफ्नो घरतिर लागे । माओवादी पनि भाग्न लागे ।



**बमद्वारा क्षतिग्रस्त बाघ भैरव उच्च मावि भवन**

**भीमसेन (माओवादीको दोलखा जनसरकार प्रमुख)**

हामी लोकतान्त्रिक गणतन्त्रको विषयमा स्थानीय जनतालाई केही जानकारी दिनको लागि सभाको आयोजन गर्न भेला भएका थियौ । एक्कासी माथिबाट बमबारी भयो । सबको भागाभग भयो । आफ्नो रक्षाको लागि हामीले पनि प्रत्याक्रम गरेका थियौं । यदि हामीले प्रत्याक्रमण नगरेको भए हामीतिर धेरै क्षति हुने थियो । हाम्रातिर जम्मा दुईजनाको मृत्यु भयो । तर को-को पऱ्यो अहिलेसम्म हामीले यकिन गर्न सकेका छैनौ । हाम्रो सनाखत गर्ने टोलीले अध्ययन गरी नाम सार्वजनिक गर्ने छ । ५/६ जनालाई सामान्य चोट पटक लागेको छ । हामीले यस घटनामा घुसपैठ भएको जानकारी प्राप्त गरेका छौं । अनुसन्धान जारी छ । पत्ता लगाई कारवाही गर्ने छौ । हामीले छात्राबासमा कार्यक्रम गर्ने स्थान रोजेका थियौँ र हाम्रो कार्यक्रम पनि छात्रबासमा नै हुन लागेको थियो । तर सेनाले अन्धाधुन्ध हवाई फाइरिङ्ग गरेर स्कूल तथा स्थानीय बासिन्दाको घरमा पनि गोली हाने । हाम्रो उद्देश्य स्कूललाई क्षति पुऱ्याउने थिएन । यसमा हामीलाई दुःख लागेको छ ।

**सैनिक–जनसम्पर्क निर्देशनालयको भनाई**

सिन्धुपाल्चोक जिल्लाको ठोकर्पा इलाकामा २०६२ चैत्र १४ गते नियमित उडानमा उडिरहेको हेलिकोप्टर माथि आतंककारीहरूले अन्धाधुन्द ठूलो परिमाणमा फायर गरेपछि सुरक्षाफौजले बाध्य भई गरेको जवाफी फायरबाट कम्तीमा ४७ जना आतंककारीहरू सख्त घाइते भएका र दुईजना आतंककारीको लास सुरक्षाफौजले बरामद गरेको छ ।
साथै, सुरक्षाफौजले संयमता अपनाई कारवाही गरेको हुँदा सार्वजनिक सम्पत्ती तथा सर्वसाधारणको धनजनको क्षति हुन पाएन । आतंककारीहरूले बलजफ्ती विद्यालय जस्तो पवित्र स्थललाई आफ्नो कुउद्देश्य पुरा गर्न प्रयोग गरेको देखियो ।

**घटना विवरण तथा पाइएका तथ्यहरू**

- विद्रोही पक्षले विद्यालयको छात्रावासको प्रयोग र सेनाले अन्धाधुन्ध हवाई आक्रमण गरेको घटनाले उनीहरू दुवैले बेला-बेलामा सार्वजनिक गरेका प्रतिवद्धता विपरीत कार्य देखिन्छ ।

- सुरक्षाकर्मीले सर्वसाधारणको जिउधन तथा गैरसैनिक वस्तु तथा स्थानहरूमा समेत आक्रमण गर्ने कार्य अन्तर्राष्ट्रिय मानवीय कानुन विपरीत देखियो ।
- सुरक्षाकर्मीको हवाई आक्रमणबाट बच्न विद्रोही पक्षले सर्वसाधारणको जीउधनको खतरा हुने अवस्थातर्फ ध्यानै नदिई उनीहरूका घर, धनसार, करेसाबारी आदिको प्रयोग गर्नु अन्तर्राष्ट्रिय मानवीय कानुनको विपरीत देखिन्छ ।
- विद्रोही पक्षले खतरा हुन्छ भनी जान्दा-जान्दै पनि सर्वसाधरणलाई आफ्नो कार्यक्रममा सामेल गराइएको पाइयो ।
- घटनास्थल वरिपरी विभिन्न क्षेत्रमा भएका सकेट बम, गोली जस्ता खतरापूर्ण वस्तुहरू यत्रतत्र पाइयो ।




**सुझावहरू**

- सर्वसाधारण मृतक परिवारलाई यथाशीघ्र उचित क्षतिपूर्ती दिन,
- विद्यालय तथा स्वास्थ्य चौकीमा भएको क्षतिको पुनः निर्माण गर्न साथै क्षति पुगेका सामग्रीहरू जस्तैः कम्प्युटर, किताब, फर्निचर आदि सामानहरूको उचित क्षतिपूर्ती विद्यालयलाई दिन,
- घटनास्थल वरिपरी विभिन्न क्षेत्रमा भएका सकेट बम, गोलीजस्ता खतरापूर्ण वस्तुहरू यथाशीघ्र निष्कृय गरी थप जनधनको क्षति रोक्न सम्बन्धित पक्षले उचित कदम चाल्न,
- सर्वसाधारण मृतकको घर परिवार तथा अन्य सर्वसाधरणको घर गोठ तथा चौपाया आदिमा भएको क्षतिको मूल्यांकन गरी तुरुन्त क्षति दिन र
- अब उपरान्त सर्वसाधारणको जीउधन तथा विद्यालय, अस्पताल, सार्वजनिकस्थल एवं संवेदनशील गैरसैनिक प्रयोजनका स्थलहरू यस्ता कार्यमा प्रयोग नगर्ने र आक्रमणको तारो समेत नबनाउने प्रतिबद्धता जाहेर गर्न

मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (HRTMCC) युद्धरत दुवै पक्षलाई आग्रह गर्दछ।

अन्तमा, युद्धरत दुवै पक्षले पालना गर्ने प्रतिबद्धता जाहेर गर्दै आएका अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनहरूको मूल्य, मान्यता र सिद्धान्तलाई व्यवहारमा उतारेर विद्यालयलाई शान्ति क्षेत्रको रुपमा लिन, आफूले व्यक्त गरेका प्रतिबद्धताप्रति इमान्दार भई गैरसैनिक क्षेत्रलाई युद्धको निशाना नबनाउन आग्रह गर्दछौं ।

*********